जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १४, अङ्क- २७, २०८२ माघ १५ गते विहीबार, 29 Jan 2026, नेपाल सम्वत्-११४६ पृष्ठ-६, मूल्य रु. ५/-

मकवानपुरमा पुराना र नयाँ विच चुनावी प्रतिस्पर्धा



○सहीखबर संवाददाता

मकवानपुर । आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनमा मकवानपुरमा रोचक प्रतिस्पर्धा हुने देखिएको छ । २ वटा निर्वाचन क्षेत्र रहेको जिल्लामा पुराना र नयाँ उम्मेदवार विचको प्रतिस्पर्धा हुने भएको हो । निर्वाचन यसपटक विगत जस्तो गठबन्धनको छाँयामा छैन मकवानपुर । आगामी निर्वाचनबाट दलहरुको वास्तविक हैसियत मापन हुनेछ ।

मकवानपुर १ मा २३ जनाको उम्मेदवारी कायम भएको छ । जसमध्ये १३ जना दलीय र १० जना स्वतन्त्र उम्मेदवार छन् । यो क्षेत्रमा नेकपा एमाले, नेपाली कांग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) नेपाली कम्युनिष्ट पार्टी (नेकपा) र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवारबीच प्रतिस्पर्धा हुने देखिएको छ ।

एमालेबाट रामेश्वर राना, कांग्रेसबाट महालक्ष्मी उपाध्याय 'डिना', राप्रपाबाट दीपकबहादुर सिंह, नेकपाबाट विजय गौतम र रास्वपाबाट प्रकाश गौतम मैदानमा छन् ।

डिनाले सबै प्रतिनिधिसभाको चुनावमा उम्मेदवारी दिएकी छिन् । सिंहले भने दुई पटक (२०५४ र २०७९) हेटौंडा उपमहानगरको मेयरमा चुनावी प्रतिस्पर्धा गरेका थिए । डिनाले यसअघिका सबै प्रतिस्पर्धा हारेकी छन् भने सिंहले अघिल्लो (२०७९) मात्र निर्वाचन जितेका थिए ।

एमालेका राना तथा नेकपा र रास्वपाका गौतमद्वय को पहिलो पटकको चुनावी प्रतिस्पर्धा हो । मकवानपुरको तत्कालीन जिल्ला विकास समिति सभापतिसमेत रहेका राना पाका उमेर का छन् । गौतमद्वय युवा उमेर समूहका हुन् । यसरी, पाँच/पाँच पटक चुनाव लडेकासँग नयाँ अनुहारको रोचक प्रतिस्पर्धा हुन लागेको हो ।

चुनावी प्रतिस्पर्धामा उत्रिएका उम्मेदवारहरु आफ्ना एजेन्डा बोकेर मतदाताको घरदैलामा पुगिरहेका छन् । १ नम्बर क्षेत्रमा मतदाताको तूलो संख्या ग्रामीण भेगमा भन्दा शहरी क्षेत्रमा छ । सांगठिन भोट कम भएको र प्रपाका सिंहले २०७९ को निर्वाचन हेटौंडा उपमहानगरको मतले जितेका हुन् । कांग्रेसकी डिनाले बागमती, बकैया र मकवानपुरगढीको भोट धेरै ल्याएकी थिइन् ।

सिंहले २ हजार ३८२ मतान्तरले डिनालाई हराएका थिए । सिंहले २७ हजार ८१६ मत पाउँदा डिनाले २५ हजार ४३४ मतमा चित्त बुझाइन् । एमालेको सूर्य चिह्न लिएर उठेका राप्रपा नेपालका कमल थापाले २५ हजार ४२० मत पाएका थिए । रास्वपाका उम्मेदवार ठकाराज थापाले ५ हजार ७०३ मत ल्याएका थिए । २०७९ यता रास्वपाले गाउँ र टोल समिति पनि बनाएको छ । विगतको तुलनामा रास्वपाको समानुपातिक मत बढ्ने आकलन गरिएको छ । संविधानसभा निर्वाचन भने माओवादीका प्रेमबहादुर पुलामी छिन्तु र प्रल्हाद लामिछानेले जितेका थिए । त्यस यता माओवादीले प्रतिनिधिसभा जित्न सकेको छैन ।

२०४६ सालको बहुदल आएपछिका निर्वाचन जित्दै आएको एमालेले हेटौंडा उपमहानगरको मेयर र उपमेयरमा पहिलो पटक २०७९ सालको स्थानीय तहको चुनावमा हार व्यहोरेको थियो । कम्युनिस्ट गढ मानिने मकवानपुरमा २०७० को संविधानसभा निर्वाचनमा पहिलो पटक कांग्रेसका इन्द्रबहादुर बानियाँ निर्वाचित भए । कांग्रेसले मकवानपुरको १ र २ नम्बर क्षेत्रबाटै प्रतिनिधिसभा जित्न सकेको छैन ।

कांग्रेस र एमालेले एकअर्कालाई मुख्य प्रतिस्पर्धाको रुपमा हेरेका छन् । २०७९ को वैशाखमा मेयरको चुनाव लडेको र लगत्तै प्रतिनिधिसभामा उठेकाले सिंहलाई जित निकाल्न सहज विश्लेषण भए पनि तत्कालिन समयमा गठबन्धनमा अन्तरघात भएकोले उनको जीत सहज भएको मानिन्छ ।

यस्तै मकवानपुर प्रतिनिधिसभा क्षेत्र नम्बर २ मा उमेदवारी दर्ता गराएका मध्ये तीनदल बीत मुख्य प्रतिस्पर्धा हुने भएको छ । क्षेत्र नम्बर २ बाट विभिन्न दलबाट १६ जना र पाँच जना स्वतन्त्र गरी २१ जना उम्मेदवार छन् ।

नेकपा एमाले, नेपाली काँग्रेस र नेकपाबीचको चुनावी माहोल थप रोचक हुने भएको हो । एमालेबाट महेश कुमार बर्तौला, नेपाली काँग्रेसबाट बुद्ध लामा र नेकपाबाट लवशेर विष्ट चुनावी मैदानमा छन् । उनीहरूले चुवानी प्रचार प्रसारलाई तीव्रता दिएका छन् ।

भौगोलिक विकटता रहेको ग्रामिण क्षेत्र मात्रै रहेको यस निर्वाचन क्षेत्रमा तामाङ, चेपाङ समुदायको बाहुल्य छ । पर्यटकीय नगरी थाहा नगरपालिकाका केही भाग शहर उन्मुख भएपनि अन्य क्षेत्र ग्रामिण छन् ।

२०४८ देखि हालसम्म कम्युनिस्टको गढका रुपमा रहेको यहाँ एमालेको उपस्थिति राम्रो छ । गत २०७९ को निर्वाचनमा यस

बाँकी पेज ४ मा...

इन्साइड ---- स्टोरी


५२ प्रतिशत मतदाता युवाउम्मेदवार भने ३१ प्रतिशत

दया दुदराज

जेन जी आन्दोलनपछि हुन लागेको निर्वाचनमा पनि पुराना दलहरूमा खासै रूपान्तरण देखिएको छैन ।

पेज २ मा

बागमती प्रदेश सभाको ८ वर्ष, नवयुवा आन्दोलनपछि ओम्केलमा विधायकी भूमिका



पेज ३ मा

उम्मेदवार चर्चा को हुन रमेश्वर राना को हुन् महेश बर्तौला


पेज ४ मा

विकट गाउँमा बल्यो विजुली



पेज ५ मा

१ लाख राशीको पुरस्कार गीतकार खरेललाई



पेज ६ मा

हेटौंडा उपमहानगरपालिका वडा १४ को सूचना

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ । *बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।*

मुलुकी अपराध संहिता २०७४ अनुसार

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन, (दफा १७३) । यसो गरेमा ३ वर्षकैद र ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ । *विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।* त्यसैले बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं ।

सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरु पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं ।

१४ नम्बर वडा कार्यालय, हेटौंडा उपमहानगरपालिका

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

मतको सही प्रयोग

हरेक राजनीतिक परिवर्तनको लागि युवाहरू नै आन्दोलनको अग्रभागमा हुने गर्छन । नेपालमा पनि २०४६/०४७ देखि हालसम्म भएका सबै आन्दोलनको नेतृत्व युवा अझ नवयुवाहरूले गरेका छन् । मेरूदण्डमा युवाहरु नै रहँदा मात्रै हरेक आन्दोलन सफल भएका छन् । पछिल्लो "नवयुवा आन्दोलन" केवल सत्ता परिवर्तनका लागि मात्र थिएन, भ्रष्टाचार र कुशासन विरूद्ध मात्रै भनिएको थियो तर एउटा "डिजिटल र वैचारिक विद्रोह" ले यसलाई अर्कै मोडमा ल्याएको छ ।

हरेक आन्दोलनमा करिब उस्तै उस्तै एजेण्डा लिएर प्रदर्शन र असन्तुष्टि पोखिएका छन् । कालान्तरमा ती मुद्दाहरू उसै सेलाउदै गएको छ । तर आन्दोलनपछिको उपलब्धी शुन्य रहे पनि दलको विकल्प र लोकतान्त्रिक शासनको विकल्प अर्को रहदैन । यसको लागि चुनाव नै अन्तिम विकल्प हो । देश चुनावी लयमा प्रवेश गरेको यो समयमा नवयुवाले सडक उठाएका आवाजहरु मतदान केन्द्रबाट आशा गर्नु पर्ने अवस्था छ ।

नवयुवाको मुद्दा बोकेर हिंड्का भनि दावी गर्ने नयाँ र पुराना दलहरूको प्रतिष्पर्धाले चुनाव रोचक हुनेछ भने आन्दोलनको मर्मलाई आत्मसात गरेर अगाडी बढ्नु जरूरी छ।विगतमा चुनावहरुमा जनतालाई 'भोट बैंक' को रूपमा मात्रै प्रयोग गर्ने गरिएको र 'आश्वासन'का आडमा नतिजा पुग्थ्यो। अबको युवा मतदाता कुनै पार्टीको झण्डा बोक्न होइन, बरू सुशासन, रोजगारी, प्रविधिमैत्री सेवा र पारदर्शी शासन खोजिरहेका छन्।

अहिले निर्वाचनमा युवा उम्मेदवारहरुको उपस्थिति छ। यसले नेपाली राजनीतिमा 'पुरस्तान्तरण' मात्र होइन, 'रूपान्तरण' को सङ्केत गरेको छ। आन्दोलन गर्न जति सजिलो छ, चुनावपछि नीति निर्माणको तहमा बसेर परिणाम देखिने गरी काम गर्न उत्तिकै चुनौती हुन्छ। सडकको आन्दोलनले सरकार ढाल्न सक्छ, तर निर्वाचनले भविष्य निर्माण गर्छ । आगामी निर्वाचनलाई केवल मत खसाल्ने दिन मात्र होइन, निकासको जग बसाल्ने अवसर हो । विवेक सहितको मत प्रयोग गर्नु जरूरी छ ।

५२ प्रतिशत मतदाता युवा उम्मेदवार भने ३१ प्रतिशत

जेन जी आन्दोलनपछि हुन लागेको निर्वाचनमा पनि पुराना दलहरुमा खासै रुपान्तरण देखिएको छैन । विशेषगरी कांग्रेस, एमाले र नेकपाजस्ता दलहरुले टिकट वितरण गर्दा पाका उमेरका उम्मेदवारलाई नै प्राथमिकता दिएको निर्वाचन आयोगको तथ्यांकले पुष्टि गर्छ ।

दया दुदराज

आसन्न निर्वाचनका लागि देशभरबाट ३ हजार ४ सय ६ उम्मेदवारले मनोनयन दर्ता गराएका छन् । तीमध्ये विभिन्न दलका २ हजार २ सय ६३ जना छन् भने १ हजार १ सय ४३ जनाले स्वतन्त्र उम्मेदवारी दिएका छन् ।

भदौमा भएको जेन जी आन्दोलनको मुख्य माग मध्ये राजनीतिमा पुस्तान्तरण पनि एक थियो । त्यसैले दलहरुले कुनकुन उमेर समूहका उम्मेदवार उठाए भन्ने सबैको चासो छ । तर उम्मेदवारको सूची हेर्दा भने वृद्ध उमेरकै उम्मेदवारको बाहुल्य देखिएको छ ।

जबकि यी उम्मेदवारलाई मत हाल्ने मतदातामध्ये युवाको संख्या धेरै छ । २०७८ को जनगणनाअनुसार नेपालको जनसंख्याको साढे ४२ प्रतिशत युवा छन् । राष्ट्रिय युवा नीति २०७२ अनुसार नेपालमा १६ देखि ४० वर्ष उमेर समूहलाई युवा मानिन्छ । हाल २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ जनसंख्यामध्ये १ करोड २४ लाख १२ हजार १ सय ७३ युवा छन् ।

२०६८ मा कुल जनसंख्याको ४०.३५ प्रतिशत रहेको युवा हिस्सा २०७८ मा बढेर ४२.५६ प्रतिशत पुगेको हो । निर्वाचन आयोगका अनुसार प्रतिनिधिसभा निर्वाचनका लागि कुल मतदाता १ करोड ८९ लाख ३ हजार ६८९ कायम भएको छन् । मतदाताको संरचनामा पनि युवाकै बाहुल्य देखिन्छ । कुल मतदातामध्ये १८ देखि ४० वर्ष उमेर समूहका मतदाता ५२ प्रतिशत छन् । यद्यपि युवा १६ वर्षदेखि मानिए पनि संविधानले १८ वर्ष पुगेकालाई मात्र मतदान अधिकार दिएको छ ।

निर्वाचन आयोगका अनुसार कुल ३ हजार ४ सय ६ उम्मेदवार मध्ये २५ देखि ४० वर्ष उमेर समूहका उम्मेदवार १ हजार ५६ जना छन् भने ४१ देखि ६० वर्ष सम्मका उम्मेदवार १९ सय २५ जना छन् । त्यस्तै, ६० वर्ष कटेका उम्मेदवार ४ सय २५ जना छन् ।

पुराना दललाई पाका उम्मेदवारको भर

जेन जी आन्दोलनपछि हुन लागेको निर्वाचनमा पनि पुराना दलहरुमा खासै रुपान्तरण देखिएको छैन । विशेषगरी कांग्रेस, एमाले र नेकपाजस्ता दलहरुले टिकट वितरण गर्दा पाका उमेरका उम्मेदवारलाई नै प्राथमिकता दिएको निर्वाचन आयोगको तथ्यांकले पुष्टि गर्छ ।

कांग्रेस, एमाले र नेकपामा ४० वर्षमुनिका उम्मेदवारको उपस्थिति नगण्य छ । १६५ निर्वाचन क्षेत्रमध्ये कांग्रेसले ४० वर्षभन्दा कम उमेरका ७ जनालाई मात्रै चुनावी मैदानमा उतारेको छ । कांग्रेसबाट उम्मेदवार बनेका मध्ये सबैभन्दा कान्छा ३३ वर्षीय योगेश गौचन थकाली छन् । उनले मुस्ताङबाट प्रतिनिधिसभाका लागि उम्मेदवारी दिएका हुन् । त्यस्तै, काठमाडौं ४ बाट ३३ वर्षीय सचिन तिमल्सेनाले उम्मेदवारी दिएका छन् ।

कांग्रेसका १६५ उम्मेदवारमध्ये झन्डै एक तिहाइ अर्थात् ५५ जना नेता ६० वर्षभन्दा बढी उमेरका छन् । कांग्रेसको सबैभन्दा पाका उम्मेदवार ७७ वर्षीय ढेकप्रसाद गुरूङ हुन् । उनले चितवन ३ बाट उम्मेदवारी दर्ता गराएका छन् । निर्वाचन आयोगका अनुसार कांग्रेसमा ४० देखि ५० वर्षसम्मका उमेरका उम्मेदवार ३२ जना छन् भने ५० देखि ६० वर्षसम्मका उमेर समूहका उम्मेदवार ७१ जना छन् ।

एमालेको अवस्था पनि कांग्रेससँग मिल्दोजुल्दो छ । एमालेका १६४ उम्मेदवारमध्ये करिब ३३ प्रतिशत अर्थात् ५४ जना ६० वर्षभन्दा माथिको उमेर समूहका छन् । एमालेका उम्मेदवारमध्ये सबैभन्दा जेठो उमेरका उम्मेदवार जालिम मियाँ मन्सुरी छन् ।

७८ वर्ष पुगेका मन्सुरीले पर्सा ४ बाट उम्मेदवारी दिएका हुन् । एमालेमा २७ वर्षीय अमनिशकुमार यादव सबैभन्दा कान्छा उम्मेदवार बनेका छन् । उनी सलाहीं ४ मा उम्मेदवार छन् । एमालेको उम्मेदवारी सूचीमा ४० वर्षमुनिका १२ जना मात्रै छन् । त्यस्तै ४०/५० उमेर समूहका उम्मेदवार ३२ र ५०/६० उमेर समूहका उम्मेदवार ६६ जना छन् ।

यस्तै, नेकपाका १६४ उम्मेदवारमध्ये ४० वर्षमुनिका १३ जना मात्र छन् । सबैभन्दा कान्छा २७ वर्षीय अजय कुशवाहा हुन्, उनले बारा ४ बाट उम्मेदवारी दर्ता गराएका छन् । बाँकी उम्मेदवार ४० वर्षभन्दा माथिका नै छन् । नेकपामा ३९ जना उम्मेदवार ६० वर्ष नाघेका छन् । तीमध्ये सलाहीं २ बाट उम्मेदवार बनेका महिन्द्र राय यादव सबैभन्दा पाका हुन् । उनी ८८ वर्ष भइसकेका छन् ।

जसपा नेपालका ९४ उम्मेदवारमध्ये ११ जना ४० वर्षमुनिका छन् । त्यस्तै ४०/५० उमेर समूहका ३९ र ५०/६० उमेर समूहका २७ जना चुनावी मैदानमा छन् । जसपाका १७ उम्मेदवार ६० वर्षभन्दा बढी उमेरका छन् ।

नयाँमा युवाको परीक्षण

वैकल्पिक भनिएका रास्वपासहितका नयाँ दलले युवालाई उल्लेख्य स्थान दिएका छन् । रास्वपाका १६३ उम्मेदवारमध्ये झन्डै ४० प्रतिशत उम्मेदवार ४० वर्षमुनिका छन् । रास्वपाले उठाएका ६५ उम्मेदवार ४० वर्षमुनिका छन् ।

जसमध्ये १२ जना ३० वर्षभन्दा कम उमेरका छन् भने ५३ जना ३०/४० उमेर समूहका छन् । निर्वाचन आयोगका अनुसार रास्वपाका ५० उम्मेदवार ४०/५० उमेर समूहका छन् । त्यस्तै ४६ उम्मेदवार ५०/६० उमेर समूहका छन् । रास्वपामा ६० कटेका उम्मेवार ३ जना मात्रै छन् ।

यस्तै उज्यालो नेपाल पार्टीका कुल १०५ उम्मेदवारमध्ये ४० जना ४० वर्षभन्दा कम उमेरका छन् । निर्वाचन आयोगका अनुसार उज्यालो नेपालमा २९ जना उम्मेदवार ४०/५० उमेर समूहका छन् भने २७ जना ५०/६० उमेर समूहका छन् । यो पार्टीका ९ उम्मेदवार मात्रै ६० कटेका छन् ।

हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीका कुल १ सय ९ उम्मेदवारमध्ये ३५ उम्मेदवार ४० वर्षभन्दा कम उमेरका छन् । यस पार्टीबाट २६ वर्षे पंकजकुमार ठाकुरले सिरहा ४ बाट उम्मेदवारी दिएका छन् । उनी नै श्रम संस्कृति पार्टीका सबैभन्दा कान्छा उम्मेदवार हुन् । हर्कको पार्टीमा ६ जना मात्रै ६० वर्षमाथिका छन् । ७४ वर्षे मानबहादुर वैरागी श्रम संस्कृति

पार्टीको पाका उम्मेदवार हुन् । उनले बर्दिया २ बाट उम्मेदवारी दिएका छन् ।

सुधारको बाटोमा दल

राजनीतिक विश्लेषकहरु पाका उमेरका राजनीतिकर्मीलाई निषेध नै गरिहाल्न नमिल्ने बताउँछन् । 'जेन जी आन्दोलन पुरस्तान्तर णसँगै राज्यसत्तामा भएकाहरुले डेलिभरी

बाँकी पेज ३ मा

बागमती प्रदेश सभाको ८ वर्ष

नवयुवा आन्दोलनपछि ओझेलमा विधायकी भूमिका

○ सहीखबर संवाददाता



मकवानपुर । बागमती प्रदेश सभा स्थापनाको आठौं वर्षमा प्रवेश गरेको छ, आइतबार (१८ माघमा) प्रदेश सभाले आफ्नो वार्षिक उत्सव मनाउने तयारी गरेको छ । नवयुवा आन्दोलनको कारण ३२ करोड ५४ लाख ५७ हजार बराबरको क्षति व्यहोरेको प्रदेश सभा उक्त घटनापछि शिथिल जस्तै भएको छ ।

भौतिक अवस्था कमजोर बनेसंगै विधायकी भूमिकामा समेत कमजोर देखिएको छ । विद्या र कृषि विधेयकमा विवाद र संशोधन, साथै नवयुवा आन्दोलनले प्रदेश सभाको सचिवालयमा क्षति पुऱ्यायो।

प्रदेश सभाले आगामी माघ १८ गते वार्षिकोत्सवमा 'प्रदेश सभा दर्पण' विमोचन, रक्तदान र सरसफाइ कार्यक्रम तालिकामा रहेकोमा रक्तदान तथा सरसफाइ कार्यक्रम सकेको छ ।

नेपालको संघीय संरचनाको महत्वपूर्ण अभ्यासका रुपमा रहेको बागमती प्रदेश सभा २०७४ माघ १८ गते पहिलो अधिवेशन सुरू गरेको थियो ।

आगामी माघ १८ गते आठौं वार्षिकोत्सव मनाउने तयारी गरि रहँदा यसको भौतिक अवस्था मात्र नभई विधायकी भूमिकासमेत कमजोर देखिएको छ । संस्थागत संरचना विकासमा कमजोर रहेको र जेनजी आन्दोलनको हस्तक्षेपले भौतिक रुपमा क्षतिग्रस्त भएको प्रदेश सभा विधायकी भूमिकामा पनि निरन्तर कमजोर देखिएको छ ।

स्थापनाको पहिलो कार्यकालमा तुलनात्मक रुपमा जिम्मेवार र जवाफदेही देखिएको प्रदेश सभा दोस्रो कार्यकालमा आइपुग्दा आफ्नो मुख्य भूमिकामा कमजोर देखिएको हो । सांसदहरुको ध्यान कानुन निर्माणभन्दा पनि विकासे योजना र बजेट वितरणमा बढी केन्द्रित हुन थालेको देखिन्छ ।

दोस्रो कार्यकालको सुरूवातमा नै संसद्मा पेस गरेर रातारात पारित गराइएको एक विवादित विधेयक बागमती प्रदेश सभामा पुनः फिर्ता भएको थियो । प्रदेश प्रमुख कार्यालयबाट विद्या विधेयक प्रमाणीकरण नगरी विभिन्न दफामा सुधारका लागि सुझावसहित फिर्ता भएको थियो ।

विद्या विधेयक तत्कालीन मुख्यमन्त्री शालिकराम जम्कट्टेलको नेतृत्वमा कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादीको गठबन्धनको सरकारले अघि बढाएको थियो । २०८० वैशाख १२ मा संसदमा पेस तत्कालीन आन्तरिक मामिला तथा कानुन मन्त्री गंगा नारायण श्रेष्ठले गरेका थिए भने सोही दिन प्रदेश सभा नियमावलीको नियम निलम्बन गरेर समेत पारित गरिएको थियो । सो समयमा विषयगत समितिहरु समेत गठन नगरी पारित गरिएको उक्त विधेयक प्रदेश प्रमुख कार्यालयबाट फिर्ता भए पनि तत्कालीन प्रतिपक्ष दल एमालेले विरोध गरेको थियो ।

सो समयमा एमाले सहभागी भएको बैठकबाट पारित भएको उक्त विधेयक संशोधन र छलफल नै नगरी पारित गरिएको थियो । यता प्रदेश कृषि विधेयकसमेत उस्तै देखिएको थियो । संसद्को दोस्रो कार्यकालमा पेस भएको उक्त विधेयक प्रदेश प्रमुखबाट अस्वीकृत भएको थियो । पहिलो कार्यकालमा सरकारले अध्यादेशबाट ल्याएको प्रदेश कृषि विकास ऐनको प्रतिस्थापन विधेयक संसद्को दोस्रो कार्यकालको बैठकबाट पेस भए पनि पारित हुन सकेन ।

अन्ततः उक्त विधेयक कार्यान्वयनमा अघि बढ्न नसकेपछि २०८० मा पुनः विधेयक पेस गरी पारित गरिएको थियो ।

संसदीय समिति गठन नभएका कारण पूर्ण सदनबाट छलफल गरेर पारित गरिएको उक्त विधेयक प्रमाणीकरणका लागि प्रदेश प्रमुख कार्यालय पठाइएकोमा सुझावसहित फिर्ता भएको थियो । दुवै विधेयकहरु पुनः संसदबाट पेस गरी समितिहरुमा छलफल र संशोधन गरिएको थियो । प्रदेश कृषि विकास विधेयक संशोधनसहित संसदबाट पारित गरी प्रदेश प्रमुखबाट प्रमाणीकरण समेत भइसकेको छ भने चिद्वा विधेयक समितिमा संशोधन भएर प्रतिवेदन तयार भई सभामा पेस गर्ने चरणमा छ । सो विधेयकमा विवाद कायमै रहेका कारण सभामा पेस हुन भने सकेको छैन ।

पछिल्लो समय निर्माण भएका वा संशोधन भएका ऐनहरुमा दलका तर्फबाट सभामा छलफल हुने छाडेको छ । संसद्मा पेस भएका विधेयकहरुका विषयमा संसदीय दल र सांसदहरु स्वयं नै छलफल गर्न चाहेको देखिँदैन ।

प्रदेश सांसदहरुको भूमिका विधायकी हो । तर यस विषयमा उनीहरुको चासो न्यून छ, उनीहरु विधायकीभन्दा पनि विकासे भूमिकामा बढी आकर्षित भइरहेको देख्न सकिन्छ ।

प्रदेश सभाकी उपसभामुख अप्सरा चापागाईंका अनुसार प्रदेश सभाको पहिलो कार्यकालको तुलनामा कानुन निर्माणको संख्या केही कम छ । आवश्यक कानुनहरु पहिलो कार्यकालमा धेरै बनेको र हाल सो कानुनहरुको पुनरवलोकन आवश्यक रहेको उनले बताइन् ।

दोस्रो कार्यकालमा चाहे अनुसारको बैठक र बैठकमा छलफलहरु पनि पर्याप्त हुन नसकेको उनको भनाइ छ । सांसदहरुको चासो र चिन्ता हुनुपर्ने विषयमा केही कमजोरी भएको महसुस भएको उनले बताइन् । प्रदेश सभाले उक्त विषयमा आफ्नो भूमिका जिम्मेवार पूर्वक निर्वाह गरेर विधायकी भूमिकालाई उपलब्धिमूलक र प्रभावकारी बनाउने तर्फ काम गरिरहेको पनि उनले जिकिर गरिन् ।

'पहिलो कार्यकालको तुलनामा दोस्रो कार्यकालमा कानुन निर्माणको संख्या मात्र होइन, बैठकमा हुने छलफलको गुणस्तरमा पनि कमी आएको छ,' उनले भनिन्, 'सांसदहरुको चासो र चिन्ता हुनुपर्ने विषयमा केही कमजोरी महसुस भएको छ । विधायकी भूमिकालाई प्रभावकारी बनाउनेतर्फ प्रदेश सभाले काम गरिरहेको छ ।'

भग्नावशेषमा वार्षिकोत्सव, ३२ करोडको भौतिक क्षति

प्रदेश सभाले नीतिगत मात्र नभई भौतिक क्षतिको चुनौती पनि व्यहोर्नुपरेको छ । गत २०८२ भदौ २३ र २४ गते भएको जेनजी प्रदर्शनका क्रममा आगजनी र तोडफोडले सचिवालयलाई तहसनहस बनाएको छ ।

सचिवालयको प्रतिवेदन अनुसार ३२ करोड ५४ लाख ५७ हजार रूपैयाँ बराबरको क्षति भएको छ । आगजनीबाट पुरानो सभाकक्ष, सचिवालय भवन, नयाँ भवन, संसदीय दलका कार्यालयहरु र पुस्तकालय पूर्ण रुपमा क्षतिग्रस्त भएका छन् । आफ्नै भवन प्रयोग गर्न नसक्ने भएपछि हाल हेटौंडा उपमहानगर पालिकाको हलमा अस्थायी रुपमा प्रदेश सभाका बैठकहरु सञ्चालन भइरहेका छन् ।

उक्त हललाई सामान्य मर्मत गरेर अस्थायी रुपमा सभा चलाउने गरी टेबल, कुर्सी, माइक तथा अन्य इलेक्ट्रोनिक्स सामानहरुको व्यवस्थापन गरिएको उपसभामुख चापागाईंले बताइन् । संसद् चलाउन सक्ने अवस्थामा हल र सचिवालय रहेको र सरकारले आवश्यक निर्णय गरेर अघि बढ्न सक्ने उनको भनाइ छ ।

११० सदस्यीय प्रदेश सभामा हाल सदस्य संख्या १०४ कायम भएको उपसभामुख चापागाईंले जानकारी दिइन् । गत माघ ५ गते मात्रै ६ जना (अमन कुमार मास्के, कुन्दनराज काफ्ले, प्रकाश श्रेष्ठ, युवराज दुलाल, वसन्त मानन्धर र सुनिल केसी) ले राजीनामा दिएका छन् ।

हालसम्म प्रदेश सभाबाट ९० वटा विधेयक पारित भएका छन् भने ८९ वटा कानुन राजपत्रमा प्रकाशित भइसकेका छन् । विभिन्न चुनौतीबिच प्रदेश सभाले आगामी माघ १८ गते वार्षिकोत्सवको अवसरमा विशेष समारोह गर्ने भएको छ । जलेको भवनको सामुन्ने प्रदेश सभाको वार्षिकोत्सव कार्यक्रमको तयारी गरिएको हो । कार्यक्रमअन्तर्गत 'प्रदेश सभा दर्पण'को विमोचन गर्दैछ ।

राजनीतिमा महिला पुरुषसत्ताका ...

दिएनन् भनेर आन्दोलनमा उत्रिएका थिए । विश्व परिस्थिति, मनोविज्ञान चाहनाअनुरुप काम गर्छन् भन्ने हो,' राजनीतिक विश्लेषक भलक सुवेदी भन्छन्, 'तर यो भन्दै गर्दा बढी उमेरका मानिसका लागि क्रस लगाउनुपर्छ भन्ने होइन ।'

आन्दोलनअनुरुप सबै नभए पनि केही रुपान्तरण आएको उनले बताए । 'हिजो २०४८ का नेतृत्वहरु सबै युवा उमेरका थिए । त्यसैअनुरुप अहिले पनि नयाँ आउनुपर्छ भन्ने स्वाभाविक हो । त्यसैअनुरुप पार्टीहरुले धेरै हदसम्म रुपान्तरित पात्रहरु उम्मेदवार का रुपमा अगाडि सारेका छन् । त्यसलाई सकारात्मक रुपमा लिनुपर्छ,' सुवेदीले थपे, 'एमालेमा अझै अलि जरजर देखियो तर कांग्रेस र नेकपामा धेरै रुपान्तरण देखिएको छ ।'

जनसांख्यिक विश्लेषक तथा जनसंख्याशास्त्री विधान आचार्य संसद्मा पाका मान्छे नै चाहिने तर्क राख्छन् । 'राजनीति भनेको नीति निर्माण गर्ने कुरा हो । उमेरअनुसारको प्रतिनिधिको अनुपात खोजिनु उचित होइन,' उनले भने, 'समाजमा रुपान्तरण हुनुपर्छ भन्नेमा दुईमत छैन तर राजनीतिमा परिपक्वता पनि चाहिन्छ । युवाको सहभागिता शतप्रतिशत चाहिन्छ भन्ने कुरा म मान्दिनँ । बरू नीतिद्वारा तोकिएका कार्यक्रम बनाउनेमा युवाको सहभागिता बढाउनुपर्छ ।'

अर्का राजनीतिक विश्लेषक सुचेता प्याकुरेलले आन्दोलनको मर्मअनुरुप रुपान्तरण नभए पनि केही आशा व्यक्त गरिन् । 'आन्दोलनले तुरून्तै रुपान्तरण ल्याउँछ भन्ने होइन । हो, जति परिवर्तन हुनुपर्ने हो, त्यो पक्कै भएको छैन ।

तर दलहरुले रुपान्तरणको कोसिस पक्कै गरेका छन्,' उनले भनिन्, 'पार्टीको नेतृत्वमा रुपान्तरण नभईकन संसद्मा त्यसको रुपान्तरण देखिँदैन । कांग्रेसमित्र भएको रुपान्तरणलाई उदाहरणका रुपमा लिनुपर्छ । कांग्रेसमित्र पनि कम्प्रमाइज गरेर उम्मेदवार तय गरेको देखिन्छ ।'

समाजशास्त्री सञ्जीव उप्रेतीले पुराना पार्टीहरुमा केही रुपान्तरण आएको बताए । 'हिजो दोहोरिएका अनुहारहरु अहिले अलि कम छन् । पहिलेका निर्वाचनको तुलनामा यसपालि उमेरगत हिसाबले फेयर क्यान्डिडेटहरु आएका छन्,' उनले भने, 'यसलाई जेन जी आन्दोलनको फाइदाका रुपमा लिनुपर्छ । जति हुनुपर्ने त्यति भने भएको छैन तर यसलाई नकार्न सकिन्न ।'

उम्मेदवार परिचय

यस स्तम्भमा प्रत्येक अंकमा फरक उम्मेदवारहरुको परिचायात्मक जानकारी प्रस्तुत गरिने छ ।

को हुन् बर्तौला र राना



महेश बर्तौला

मकवानपुर निर्वाचन क्षेत्र नम्बर २ मा नेकपा (एमाले) का तर्फबाट महेश बर्तौला उम्मेदवार छन् ।एमाले केन्द्रीय सदस्य बर्तौलाको राजनीतिक जीवन २०५३ सालबाट सुरू भएको हो ।

मकवानपुरको कालिका माविं नामटारमा कक्षा ७ मा अध्ययन गर्दै गर्दा उनी अनेरास्ववियुको प्रारम्भीक कमिटिको अध्यक्ष बने । अखिलको ईलाका, क्षेत्रीय कमिटि हुँदै उनी २०६० र २०६३ मा दुई कार्यकाल अनेरास्ववीयुको जिल्ला अध्यक्ष भए । उच्च शिक्षाका लागि मकवानपुर बहुमुखी क्याम्पसमा अध्ययनरत र हँदा २०६० सालमा स्ववियु सदस्य बने । २०६३ र २०६५ सालमा मकवानपुर बहुमुखी क्याम्पसका स्ववीयु सभापति भए । २०६५ सालमा अनेरास्ववीयुको केन्द्रीय सदस्य हुँदै अनेरास्ववियुको केन्द्रीय सचिब, उपाध्यक्ष र कार्यबाहक अध्यक्षको जिम्मेवारी सम्हाल्ने अवसर समेत उनले स्वतन्त्र विद्यार्थी युनियन काउन्सील नेपालको राष्ट्रिय अध्यक्ष बन्न सफल भए ।

२०६३ सालबाट महेश बर्तौलाले विद्यार्थी राजनीतिका अलवा पार्टीको भूगोलमा रहेर समेत काम गर्न थाले । २०६३ मा उनी नेकपा एमालेको जिल्ला कमिटि सदस्य निर्वाचित भए । माओवादी सशस्त्र युद्धका बेला उनले मकवानपुरको विकट भुगोल नामटार कालिकाटार र भार्ताको ईन्चार्जको जिम्मेवारी बहन गरे । २०६६ /०६७ मा नेकपा एमालेको बागमती प्रदेश कमिटि सदस्य हुँदै उपमहासचिबको भूमिकामा उनी सत्रकी रहे । एमाले र माओवादी एकता हुँदा उनी नेकपाको केन्द्रीय सदस्य भए । २०८० मा एमालेको मनोनित केन्द्रीय सदस्य र २०८२ को ११ औं महाधिबेशनबाट उनी निर्वाचित केन्द्रीय सदस्यको जिम्मेवारीमा छन् । उनको राजनितीक यात्रा प्रगतिको पथमा निरन्तर छ । २०७९ को निर्वाचनमा प्रभावशाली नेता राजनीतिका गुरू बिरोध खतिवडालाई पराजित गर्दै उनी प्रतिनिधी सभा सदस्य निर्वाचित भए ।

४२ बर्षको युवा उमेरमा राजनीतिक सफलता संगै उनले आफुलाई शैक्षिक हिसाबले समेत अब्बल बनाएका छन् । ब्यवस्थापन शंकाय र राजनीतीशास्त्रमा स्नकोत्तर (एमए) सम्मको अध्ययन गरेका बर्तौला बिधीशास्त्रका समेत बिद्यार्थी हुन् । उनले एलएलबी उतीर्ण गरेका छन् । मकवानपुरको क्षेत्र नम्बर २ बाट पहिलोपटक प्रतिनिधी सभा सदस्यका रूपमा सदन छिरेका बर्तौलाले एमालेको सचेतक, मुख्य सचेतक हुँदै सरकारको प्रमुख सचेतकको जिम्मेवारी बहन गर्ने अवसर पाए । संसदमा कानून न्याय तथा मानब अधिकार समिती सदस्य, प्रतिनिधी सभा र राष्ट्रिय सभाको संयुक्त समितिको सदस्य र संसदीय समितिमा सदस्यका रूपमा उनको भूमिका रह्यो । संयुक्त राष्ट्रसंघको सभामा भाग लिन अमेरिका पुगे । संसदीय मामिला अध्ययनका लागि बेलायत पुगेका बर्तौला राजनीतिमा आफुलाई अनुभवले समेत अब्बल बनाएका छन् । स्विजरल्याण्डको जेनेभामा (ईन्टर पार्लियामेन्ट युनियन आई पि यु) को सभामा समेत उनले सहभागीता जनाएका छन् । चिन, भारत लगायतका देश पुगेर उनले विकास र राजनीतिको अन्तर्राष्ट्रिय ज्ञान हासिल गरेका छन् । उनी २०८२ को प्रतिनिधी सभा सदस्यको निर्वाचनमा मकवानपुर निर्वाचन क्षेत्र नम्बर २ बाट दोस्रोपटक प्रतिस्पर्धामा छन् ।



रामेश्वर राना

मकवानपुर निर्वाचन क्षेत्र नम्बर १ मा नेकपा (एमाले) का तर्फबाट रामेश्वर राना उम्मेदवार बनेका छन् । २०७९ सालको निर्वाचनमा यही क्षेत्रबाट रानाले उम्मेदवारी पाउने चर्चा व्यापक थियो । तर अन्तिम समयमा एमालेले राप्रपा नेपालका कमल थापालाई सूर्य चिन्ह दिएर उम्मेदवार बनायो । न त त्यो चुनाव कमल थापाले जिते । यसपटक भने रानालाई एमालेको आधिकारिक उम्मेदवार बनेर चुनावी मैदानमा होमिएका छन् । चुनाव जित्ने दृढ आत्मविश्वाससहित क्षेत्रबाट एमालेका उम्मेदवार बर्तौलाले पूर्व एमालेका विरोध खतिवडालाई हराएका थिए । चौथो पटक यो निर्वाचन क्षेत्रबाट एमालेका उम्मेदवार बनेका विरोध गत निर्वाचनमा पराजित भएपछि आगामी निर्वाचनमा नउठ्ने घोषणा गरे ।

यस निर्वाचन क्षेत्रमा एमालेका महेश मात्र यहाँका पुराने उम्मेदवार हुन् । उनी दोस्रो पटक यहाँ चुनाव लड्दै गर्दा कांग्रेस र नेकपाले नयाँ उम्मेदवार पठाएका छन् ।

नेकपाले थाहा नगरपालिकाको मेयरमा २०७४ सालमा निर्वाचित लवशेर विष्ट र कांग्रेसले मकवानपुर सभापति बुद्ध लामा उम्मेदवार छन् । एमालेको प्रमुख सचेतक भइसकेका बर्तौलालाई कांग्रेसका लामा र नेकपाका विष्ट बलियो प्रतिस्पर्धी हुन् । जनजातिको बाहुल्य क्षेत्रमा कांग्रेसले लामालाई अगाडी सार्नु जातीय मत आकर्षित गर्ने रणनीति रहेको बताइएको छ ।

नेकपाका विष्टले मेयर हुँदा गरेका कामको अमै पनि चर्चा हुने गर्दछ । रूपचन्द्र विष्ट 'रूदाने'का अनुयायी विष्ट पारदर्शिता र सुशासनको पर्यायका रुपमा आफूलाई उभ्याउन खोजेको बताउँछन् ।

निर्माण व्यवसायमा आबद्ध रहेका विष्ट मेयर हुँदा सबै कम्पनी बन्द गरेर जिम्मेवारी सम्हालेका थिए । उनको कार्यकालमा थाहा नगरपालिका बेरूजु फछ्र्योट, कार्यसम्पादन मूल्यांकनमा तथा सुशासनमा अब्बल बनेको थियो । विकास निर्माण, सामाजिक रुपान्तरण, शिक्षा तथा स्वास्थ्य, पर्यटन र कृषिमा उनले ल्याएका योजनाको विषयमा अमै यहाँका नागरिकमा गहिरो छाप छोडेका स्थानीय बताउँछन् ।

एमालेका बर्तौलालाई जेनजी आन्दोलनमा तत्कालीन प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओलीको भूमिकाले प्रभाव पार्ने एकथरीको बुझाइ देखिन्छ । यस्तै नेकपा र कांग्रेसका उम्मेदवारले मत काट्ने चुनौती छ । त्यसो त बर्तौला आफैं यहाँका हरेक नागरिकसँग जोडिने प्रयासले उनीमाथिको चुनौती देखिन्छ । कांग्रेस बागमती प्रदेशका सभापति इन्द्रबहादुर बानियाँ बर्तौलामाथिको अर्को चुनौती हो । मकवानपुर २ (ख) बाट प्रदेशसभा सदस्य निर्वाचित बानियाँका विश्वासपात्र हुन् लामा ।

यो क्षेत्रबाट श्रम संस्कृति पार्टीका युनिश लामा, उज्यालो नेपाली पार्टीका प्रवीण कुमार स्याङ्तान, रास्वपाका प्रशान्त उप्रेती, मंगोल नेशनल अर्गनाइजेसनका हिरालाल स्याङ्तान, नेशनल रिपब्लिक नेपालका सूर्य तामाङ बल, आम जनता पार्टीका सूर्य राई, नेमकिपाका सरोज तामाङ, संयुक्त नागरिक पार्टीका शुभराज प्रजा, नेकपा माओवादीका राम घलान, राप्रपाका रामबहादुर थोकर, जसपाका छविलाल वाइवा, जनमोर्चाका निर बहादुर सिन्तानले उम्मेदवारी दिएका छन् ।

स्वतन्त्रबाट अमृत बल, कृष्णराम श्रेष्ठ, प्रतीक्षा बानियाँ, रमेश आचार्य र सीतामाया बलले उम्मेदवारी दर्ता गरेका छन् ।

मकवानपुर निर्वाचन क्षेत्र नम्बर १ मा हेटौंडा उपमहानगरपालिकाका १५ वटा वडा, मकवानपुरगढी गाउँपालिकाका १,२,३ र ४ नम्बर वडा तथा बागमती र बकैया गाउँपालिका पर्छन् । क्षेत्र नम्बर २ मा हेटौंडा उपमहानगरपालिकाका १, ३, ११ र १९ नम्बर वडा, मकवानपुरगढी गाउँपालिकाका ५, ६, ७ र ८ नम्बर वडासहित थाहा नगरपालिका, मनहरी, राक्सिराङ, कैलाश, इन्द्रसरोवर र भीमफेदी गाउँपालिका पर्छन् ।

मकवानपुरमा ३ लाख १५ हजार ३३४ जना मतदाता रहेका छन् । निर्वाचन क्षेत्र नम्बर १ मा १ लाख ५८ हजार ४३५ र क्षेत्र नम्बर दुईमा १ लाख ५६ हजार ८९९ मतदाता छन् ।

जसमध्ये महिला मतदाता १ लाख ५३ हजार ३७६, पुरूष मतदाता १ लाख ६१ हजार ९५३ र ५ जना अन्य मतदाता छन् । १०२ वटा वडा रहेको मकवानपुर मा ४० वटा वडा क्षेत्र नम्बर १ मा र ६२ वटा वडा क्षेत्र नम्बर १ मा रहेका छन् । जिल्लामा १६७ मतदान स्थल र ३७४ मतदान केन्द्र कायम भएको छ ।

मकवानपुरमा पुराना र नयाँ...

४ पेजको बाँकी

विकट गाउँमा बल्यो विजुली

○सहीखर संवाददाता

मकवानपुर । साँझ पर्नासाथ अँध्यारोले घेर्ने देउजर र गढनसिरमा अब त्यो समस्या हटेको छ ।

झुपडीभित्र दुकीको मधुरो उज्यालो खोजिरहने आँखाहरू अब बल्बको तेज प्रकाशमा चम्किने छन् । मोबाइल चार्ज गर्न घण्टौं हिँड्नुपर्ने यहाँ अब घरघरमै विद्युतिय सुविधा प्राप्त भएको छ । अब स्कुले बालबालिका उज्यालो कोठामा आफ्नो गृहकार्य गर्न पाउने छन् ।

पूर्वी मकवानपुरको बागमती गाउँपालिका ३ को दक्षिणमा पर्ने यी दुई बस्तीमा पहिलोपटक विद्युत् पुगेको हो । गाउँपालिका अध्यक्ष सर्केश घलानले ट्रान्सफर्मर जडान गरिएको पोलमा रिबन काट्दै बत्ती बाल्दा स्थानीयले लामो समयपछि विकासको अनुभूति गरे ।

'बिकट र विपन्न समुदायलाई केन्द्रमा राखेर योजना बनाउँदा परिणाम ढिलो देखिए पनि दिगो हुन्छ', अध्यक्ष घलानले भने, 'आज बलेको बत्तीले यहाँका बालबालिकाको भविष्य उज्यालो बनाओस् भन्ने हाम्रो चाहना छ ।'

यहाँ तामाङ समुदायको बसोबास छ । औलोको त्रासका कारण बि.सं. १९९८ मा समथर भूभाग छोडेर तामाङ समुदायका पुर्खा पहाड चढेका थिए । यहाँ बस्ती बसेको आठ दशकमा पनि उनीहरु आधारभूत सेवाकै लागि संघर्षमा थिए । केही समय अघि मात्रै सडक खुलेको यो क्षेत्रमा वर्षातको समयमा आवतजावत अवरूद्ध हुने समस्या छ ।

गाउँपालिका कार्यालय झुरझुरेबाट करिब १७ किलोमिटर दक्षिण र रौतहटको चन्द्रनिगाहपुरसँग जोडिएको यो क्षेत्रसम्म विद्युत् पुऱ्याउने लक्ष्य गत वर्षकै थियो । तर खोल्सा, भीर र अप्ठ्यारो भूगोलले योजना पछि धकेलिएको हो । यस वर्ष भने स्थानीयको श्रम, पालिकाको लगानी र नेपाल विद्युत् प्राधिकरणको सहयोगले सपना पूरा भएको हो ।



गिताराजा गितारानी, बनठाकुर राजा र बनठाकुर रानीको इतिहाससँग जोडिएको यो ठाउँ चन्द्रनिगाहपुरसंग सडकले जोड्न सके कृषि उत्पादन क्षेत्र र पर्यटकीय गन्तव्य बन्न सक्छ

देउजरका ६२ र गढनसिरका १७ घरमा लाइन विस्तार गरिएको छ । प्राधिकरणले पोल, तार र ट्रान्सफर्मर उपलब्ध गराएको छ भने थ्रिफेज लाइनका लागि आवश्यक संरचना गाउँपालिकाले व्यवस्थापन गरेको हो ।

स्थानीयको श्रमदानले पनि गाउँमा विजुली पुऱ्याउन सम्भव भएको हो । पोल बोक्दै उकालो ओरालो गर्न यहाँका स्थानीय आफैं अघि सरे । 'बत्ती बालिएको देख्दा अब गाउँ छोड्नुपर्छ जस्तो लाग्दैन', स्थानीय दिलबहादुर पाख्रिनले भने, 'गाउँमा विजुली पनि आयो, सडक पनि आयो । अब गाउँमै आशा जागेको छ ।'

बिकट भुगोल र थोरै बस्तीका कारण यस अघिका जनप्रतिनिधिहरूको यी दुई

गाउँको विकास प्राथमिकतामा परेन । यहाँका अधिकांस युवा रोजगारीका लागि गाउँ बाहिर छन् । ३ नम्बर वडा अध्यक्ष कमानसिं पाख्रनका अनुसार इतिहास, शीतल हावापानी र जैविक वातावरणले भरिएको बागमती ३ कृषि र पर्यटनका लागि उपयुक्त क्षेत्र हो । ।

'गिताराजा गितारानी, बनठाकुर राजा र बनठाकुर रानीको इतिहाससँग जोडिएको यो ठाउँ चन्द्रनिगाहपुरसंग सडकले जोड्न सके कृषि उत्पादन क्षेत्र र पर्यटकीय गन्तव्य बन्न सक्छ', उनले भने । प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर दर्जीले विद्युत् विस्तारले शिक्षा, स्वास्थ्य र स्थानीय अर्थतन्त्रमा सकारात्मक परिवर्तन ल्याउने विश्वास व्यक्त गरे ।

घटना दर्ता सम्बन्धी सूचना

- व्यक्तिगत घटना दर्ता भनेको प्रत्येक व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटनाहरूको औपचारिक रूपमा दर्ता गरिने कार्य हो ।
- यस्ता घटना दर्ता गर्नु / गराउनु प्रत्येक व्यक्तिको कर्तव्य हो भने जन्म दर्ता बालबालिकाको मौलिक अधिकार हो ।
- यो व्यक्ति पहिचानको पहिलो आधार हो, नेपाल सरकारले अनिवार्य गरेको छ ।
- यस्ता घटना घटेको ३५ दिनभित्र निः शूल्क रूपमा दर्ता गर्न सकिन्छ ।
- राज्यको कुल जनसंख्याको अद्यावधिक विवरण सहितको तथ्याङ्कको जानकारी सही रूपमा प्राप्त गर्न सकिन्छ ।
- व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय पञ्जीकाधिकारीको कार्यालय (वडा कार्यालय) मा र घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ३५ दिनभित्र निःशूल्क र त्यसपछि तोकिए बमोजिम बिलम्ब तिरी दर्ता गराउन सकिन्छ ।

सबैलाई घटना भएको ३५ दिन भित्र आ आफ्नो वडामा दर्ताको लागि अनुरोध छ ।

अध्यक्षः राजकुमार मल्ल

राक्सिराङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय मकवानपुर

१ लाख राशीको पुरस्कार गीतकार खरेललाई

○सहीखबर संवाददाता



मकवानपुर । यस वर्षको 'बिजुलीमाया वन: श्रेष्ठ अन्तर्राष्ट्रिय सङ्गीत पुरस्कार' बाट गीतकार किरण खरेल सम्मानित हुने भएका छन् ।

भीम विराग सङ्गीत, साहित्य, कला प्रतिष्ठान नेपालले खरेललाई १ लाख राशीको उक्त पुरस्कार बाट हेटौंडामा आज सम्मान गर्दैछ ।

माइतीघर चलचित्रको शीर्ष गीत 'वसन्त नै बरू खोज्छ यहाँ... का गीतकार हुन्, किरण खरेल । उमेरको ८७ औं वर्षमा रमाउँदै गरेका उनै खरेल बागमती प्रदेशको राजधानी हेटौंडामा सम्मानित यस वर्षको 'बिजुलीमाया वन: श्रेष्ठ अन्तर राष्ट्रिय सङ्गीत पुरस्कार'बाट सम्मानित हुने छन् ।

व्यवसायी कन्हैयाकृष्ण श्रेष्ठले वि.सं. २०६४ मा आमा बिजुलीमाया व:न श्रेष्ठको नाममा उक्त पुरस्कार स्थापना गरेका हुन् ।

यसअघी प्रतिष्ठानले १७ औं संस्करणको उक्त पुरस्कार खरेललाई प्रदान गर्ने निर्णय गरेको थियो । आज हेटौंडामा सांगीतिक कार्यक्रमसहित खरेललाई 'बिजुलीमाया वन: श्रेष्ठ अन्तर्राष्ट्रिय सङ्गीत पुरस्कार' प्रदान गरिने प्रतिष्ठानका अध्यक्ष केशवलाल श्रेष्ठ तौजलेले जानकारी दिए ।

१७ औं संस्करणको 'बिजुलीमाया वन: श्रेष्ठ अन्तर्राष्ट्रिय सङ्गीत पुरस्कार'बाट सम्मानित हुने खरेलले नेपाली गीत लेखनको क्षेत्रमा विगत सात दशकदेखि निरन्तर कलम चलाउँदै आएका छन् ।

खरेलले आधुनिक गीतदेखि चलचित्र क्षेत्रमा समेत लोकप्रिय गीतहरु सिर्जना गरेका छन् । खरेलले त्यसयता सात सयभन्दा बढी गीत लेखेका छन् । खरेलले विसं २०२२ मा माइतीघरका लागि पहिलोपटक गीत लेखेका थिए ।

त्यसयता उनले एक सयभन्दा बढी चलचित्रका लागि गीत रचना गरेका छन् । माइतीघर अगाडि नै गीतकारका रूपमा नेपाली आधुनिक संगीत क्षेत्रमा परिचित भइसकेका थिए । 'ए दूरका सितारा..' बोलको गीत उनको पहिलो रचना हो ।

चारवटा गीत संग्रह प्रकाशित गरेका खरेलले तत्कालीन शाही नेपाल चलचित्र संस्थान तथा रेडियो नेपालको कार्यक्रम निर्माता तथा सञ्चालकको रूपमा जिम्मेवारी सम्हालेका थिए ।

छिन्नलता गीत पुरस्कारलगायत विभिन्न पुरस्कार एवम् विभूषणबाट विभूषित खरेलले आफ्नो कलमको माध्यमबाट नेपाली गीत सङ्गीतलाई देश विदेशमा चिनाउन पुऱ्याएको योगदानको कदर गर्दै प्रतिष्ठानले यस वर्ष उक्त पुरस्कारबाट सम्मानित गर्न लागेको महासचिव छवि अनित्यले बताए ।

गीतकार खरेलका जिन्दगीलाई जीत होइन..., हिमालको काखमा छ मेरो सानो गाउँ..., मन्दिरमा छ कि मूर्तिमा माया..., तारामात्र होइन तिमीलाई... लगायतका गीतहरु कालजायी छन् ।

उक्त पुरस्कारबाट यसअघि अम्बर गुरुङ (२०६४), प्रेमध्वज प्रधान (२०६५), भक्तराज आचार्य (२०६६), फत्तेमान राजभण्डारी (२०६७), शान्ति ठटाल (२०६८), दीप श्रेष्ठ (२०६९), प्रकाश श्रेष्ठ (२०७०), न्हुच्छेबहादुर डङ्गोल (२०७१), मीरा राणा (२०७२), कर्म योञ्जन (२०७३), चेतन कार्की (२०७४), दावा ग्याल्मो (दीपक जंगम), किरण प्रधान (२०७९), राजेन्द्र थापा (२०८०) र निर शाह (२०८१) सम्मानित भइसकेका छन् ।

प्रतिष्ठानले तुलसीमाया/शिवकुमारी सिर्जनशील नारी पुरस्कार, भीम विराग युवा सङ्गीत पुरस्कार, भीम/मथुरा बाल प्रतिभा पुरस्कार, कमला/भवानी सङ्गीत पुरस्कार, शीला नारी सङ्गीत पुरस्कार, हर्षनर बज्राचार्य स्मृती स्वर्ण पुरस्कार, विजय बानियाँ स्मृति लोक सङ्गीत पुरस्कार, चिनुकुमारी लामा स्मृति साहित्य पुरस्कार, मंगलादेवी श्रेष्ठ स्मृति स्वास्थ्य सेवा पुरस्कार, अजित सेन गुप्ता स्मृति भिन्न क्षमता पुरस्कार प्रदान गर्दै आएको प्रतिष्ठान महासचिव अनित्यले जानकारी दिए ।

२०५९ भाद्र ७ गते स्थापना भएको प्रतिष्ठानले नेपाली सङ्गीत, साहित्य र कला क्षेत्रको उन्नयनमा देश तथा विदेशमा रहेर नेपाली वाङ्मय क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउँदै आउनु भएका सर्जक, सृष्टाहरुलाई सम्मान एवम् पुरस्कृत गर्दै आइरहेको प्रतिष्ठानका अध्यक्ष श्रेष्ठले जानकारी दिए ।

पुरस्कार वितरणसँगै प्रतिष्ठानले साँगीतिक साँझको आयोजना गरेको थियो । साँगीतिक साँझमा गीतकारहरू राजेन्द्र थापा, बि.बि. थापा र नारायणगोपाल प्रतिष्ठानका अध्यक्ष दिपक केसी राष्ट्रिय कलाकार निशा देशारसँगै गायक पवन गोले समेतको सहभागिता प्रस्तुति रहने छ । कार्यक्रमका लागि उनीहरू बुधबार साँझ नै हेटौंडा आइपुगेका छन् ।

तेस्रो घरेलु उत्पादन, प्रवर्द्धन प्रदेशनी तथा सांस्कृतिक कार्यक्रम, नृत्य प्रतियोगिता एवम् वृहत् शैक्षिक मेला अवलोकन गरौं

हेटौंडा १० बसपार्कमा माघ १६ र १७ गते हुने

प्रदर्शनीको मुख्य आकर्षणहरु:

❖ हस्तकलाको सामग्रीहरु ❖ अर्गानिक उत्पादनहरू

❖ सांगीतिक प्रस्तुती

❖ विद्यार्थीहरू कलाकारहरुको प्रतिभा प्रस्तुत

आउनुहोस् प्रदर्शनीको अवलोकनमा सहभागी बनौं

● विद्यार्थी कलाकार, घरेलु उत्पादन तथा शैक्षिक कार्यको प्रोत्साहन गरौं । सहीखबर सहीखबर

❖ प्रदर्शनमा १०० वटा स्टल रहने छन् ।

प्रदर्शनीमा सहभागी बनौ, स्थानीय उत्पादनको बजारीकरणमा हातेमालो गरौं ।

फुर्वादोर्जे लामा (वडा अध्यक्ष)

रामप्रसाद तिमल्सिना (वडा सचिव)

हेटौंडा उपमहानगरपालिका

१० नम्बर वडा कार्यालय

हेटौंडा, मकवानपुर

सार्वजनिक सेवा लिँदा ध्यान दिऔं

❖ आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,

❖ आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,

❖ नागरिक बडापत्रका बारेमा जानकारी राखौं,

❖ आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,

❖ सेवा प्राप्त गर्दा विचौलियाको प्रयोग नगरौं,

❖ सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,

❖ जेष्ठ नागरिक, अपाङ्ता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,

❖ सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,

❖ अनियमितता र भ्रष्ट्राचारबिरुद्ध उजुरी गरौं,

सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड